राक्सिराङ्ग गाउँपालिका, गाउँ कार्यपालिकाको निर्णय

२०८० श्रावण ३० गते मंगलबार विहान ११:०० बजे बसेको राक्सिराङ्ग गाउँ कार्यपालिकाको आ.ब. २०८०/०८१ को पहीलो बैठकबाट भएको निर्णयहरुको संक्षिप्त व्यहोरा निंम्न बमोजिम छन् :

निर्णय नं. १:

राक्सिराङ्ग गाउँपालिकाको आ.व २०७९।८० को बार्षिक कार्यक्रम तथा योजनाहरुको सम्बन्धमा बार्षिक समीक्षा गरीयो । समीक्षाबाट यस आर्थिक बर्षमा कार्यक्रम तथा बजेटलाई थप प्रभावकारी रुपमा सम्पादन गरी जनताको सेवा सुविधाको स्तरमा थप बृद्धि गर्नका लागि सबै जनप्रतिनिधी तथा कर्मचारीहरु दृढ भएर लाग्ने प्रतिवद्धता समेत गरियो । आ.व २०७९।०८० को सम्बन्धमा संक्षिप्त प्रगती विवरण संलग्न रहेको छ ।

निर्णय नं. २:

चालू आर्थिक वर्षका निमित्त सेवा र कार्यहरुका लागि खर्च गर्न गाउँ सभाले विनियोजन गरेको बजेट तथा कार्यक्रमलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्न राक्सिराङ्ग गाउँपालिकाको आ.व २०८०।०८१ को बार्षिक कार्यक्रम संचालन तथा व्यवस्थापन गर्न बनेको *कार्यक्रम कार्यान्वियन कार्यविधि २०८०* स्वीकृत गर्ने ।

निर्णय नं. ३:

राक्सिराङ्ग गाउँपालिकाबाट संचालन र सम्पादन हुने योजना आयोजना तथा कृयाकलापहरुलाई मीतव्ययी तबरबाट सम्पादन गर्ने कार्यको लागि गाउँ कार्यपालिकाको प्राविधिक समितिबाट पेश हुन आएको आ.व २०८०।०८१ को *बार्षिक दररेट तथा दर विश्लेषण* स्वीकृतगर्ने ।

निर्णय नं. ४:

राक्सिराङ्ग गाउँपालिकामा समय समयमा पारित हुने नीति, नियम, निर्णय मापदण्ड तथा प्रशासनिक आदेशहरुको कार्यान्वियन सहयोग र सहजीकरणका लागि सुरक्षा, संरक्षणका साथै विपद व्यवस्थापन सम्वन्धि कार्य गर्न आवान्छनिय गतिविधि नियन्त्रण गर्न, विपद पछिका खोजी उद्धार राहत तथा पुर्नस्थापना गर्न साथै गाउँपालिकाको राजश्व रकमा बढाउन सहयोगी पुग्ने गरि अनुगमन, नियन्त्रण तथा कानून अनुसार गतिविधि सञ्चालन गर्न नगर प्रहरी सेवा गठन गरि राक्सिराङ्ग गाउँपालिकामा कानूनको शासन स्थापित गर्दै नागरिकहरुलाइ न्याय सुरक्षा तथा व्यवस्थाको प्रत्याभुत गर्न वाञ्छनिय भएकाले नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदाफा १ बमोजिम बनेको *राक्सिराङ्ग गाउँपालिकाको नगर प्रहरी गठन, संचालन तथा व्यवस्थापन कार्यविधि २०८०* स्वीकृत गर्ने ।

निर्णय नं. ५:

यस गाउँपालिकामा गत विगत बर्षमा दर्ता कायम रहेका र २०८० असार मसान्तसम्म नवीकरण र गठन हुन नसकेका टोल विकास संस्थाहरु २०८० असोज मसान्तसम्म नविकरण तथा पुनर्गठन गर्न सूचना प्रकाशित गर्ने र सो अवधिभित्र नवीकरण गर्न नआएमा त्यस्ता संस्थाहरु स्वतः खारेजीको प्रकृयामा जान कार्यालयलाई निर्देशन दिने ।

निर्णय नं. ६:

मिति २०७९ असार ०६ गतेको कार्यपालिकाको ७७ औं बैठकबाट विभिन्न विषयगत समितिहरुका पदाधिकारीहरु चयन गरिएकोमा आर्थिक विकास समितिको सदस्य– सचिवमा तत्कालिन लेखा अधिकृत श्री राजेन्द्र भट्टराइलाई मनोनयन गरिएकोमा निज सरुवा भई अन्यत्र गएकाले उक्त आर्थिक विकास समितिको सदस्य– सचिवमा *कृषि विकास शाखामा कार्यरत प्राविधिक सहायक श्री कृष्ण डुम्रे* लाई तोक्ने ।

निर्णय नं. ७:

राक्सिराङ्ग गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८०।०३।२१ गतेको निर्णय नं ३ बमोजिम धनगढी ८ कैलाली ठेगाना भएको श्री बेहडाबाबा निर्माण सेवालाई कालो सूचीमा राख्न सिफारिस गर्ने निर्णय भएको,

आर्थिक वर्ष २०८०।८१ का लागि *चैनपुर देबीटार पाङ्गथली सडक निर्माण* शीर्षकमा बागमती प्रदेश सरकारबाट समपूरक अनुदान तर्फ रु १ करोड तथा गाउँपालिकाको स्रोतबाट रु २५ लाख गरी कुल बजेट रु १ करोड २५ लाख तथा *चैनपुर बाघमारा मैनटार सुनारीसौरा सानोभावर नेवारपानी सडक निर्माण* शीर्षकमा समपूरक अनुदान तर्फ संघीय सरकारबाट रु ७५ लाख, प्रदेश सरकारबाट रु १ करोड तथा गाउँपालिका स्रोतबाट रु ४० लाख गरी जम्मा २ करोड १५ लाख विनियोजन भएको छ ।

देव नन्द गतौला
प्रमुख प्रशासकीय अधिकृत

सो दुईवटै क्षेत्रको सडक निर्माणका लागि रकम विनियोजन भई आएको हुँदा निज निर्माण व्यवसायी बेहडाबाबा निर्माण सेवा धनगढी ८ कैलाली सँग पूर्व सम्झौता भई कार्य भएको चेनेज तथा थप नयाँ चेनेजमा समेत निर्माण कार्य गर्नको लागि बोलपत्र आवहान गर्नुपर्ने भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ बमोजिम निज ठेकेदार कम्पनी बेहडाबाबा निर्माण सेवा धनगढी ८ कैलाली सँगको *ठेक्का तोडी नयाँ ठेक्का प्रकृयामा* जान तथा सोही दफा बमोजिम गाउँपालिकाको प्राविधिक शाखाबाट पेश हुन आएको प्राविधिक प्रतिवेदन स्वीकृत गरी सोही प्रतिवेदनका आधारमा निज ठेकेदार कम्पनी सँग ROAD/NCB/RAK-3/77/78 बाट रु *१,४९,१९,४५८।३६* अक्षेरेपी रु एक करोड उनान्चास लाख उन्नाइस हजार चार सय अन्ठाउन्न रुपैयाँ र पैसा छत्तीस मात्र तथा ROAD/NCB/RAK-4/77/78 बाट असूल उपर गर्नुपर्ने रकम रु १,२५,७२,५६०।५७ अक्षेरेपी रु एक करोड पच्चीस लाख बहत्तर हजार पाँच सय साठी र पैसा सन्ताउन्न मात्र गरी कूल जम्मा रु २,७४,९२,०१८।९३ अक्षेरेपी रु दुई करोड चौहत्तर लाख बयानब्बे हजार अठार र पैसा त्रियानब्बे मात्र असूल उपरका लागि आवश्यक प्रकृया अगाडी बढाई असूल उपरका लागि पत्राचार गर्ने गरी कार्यालयको मिति २०८०।०४।०३ गतेको अध्यक्षस्तरीय निर्णय अनुमोदन गर्ने ।

निर्णय नं. ८: (विविध)

क) तपसिलमा उल्लेखित करार सेवामा कार्यरत जनशक्तिको करार अवधि २०८० श्रावण ०१ बाट समाप्त भएकोले निजहरुको करार सेवा म्याद समाप्त भएको मितिबाट २०८० पुस मसान्त सम्म थप गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

तपसिल:

| सि. नं | कर्मचारीको नाम, थर | पद | श्रेणी/तह | प्रकार | कार्यरत स्थल |
|---|---|---|---|---|---|
| १ | श्री गोविन्द विश्वकर्मा | रोजगार संयोजक | अधिकृत छैठौं | करार | राक्सिराङ्ग गाउँ कार्यपालिका |
| २ | श्री डिना हिमडुङ | कानुनी सहजकर्ता | सहायक पाचौं | करार | राक्सिराङ्ग गाउँ कार्यपालिका |
| ३ | मोहम्मद अनिस अन्सारी | हे.अ. | सहायक पाचौं | करार | खैराङ्ग सा.स्वास्थ्य ईकाई, राक्सिराङ्ग-९ |
| ४ | श्री अन्जना प्रजा | हे.अ. | सहायक पाचौं | करार | धिराङ्ग आधारभूत स्वास्थ्य सेवा केन्द्र-७ |
| ५ | श्री रजनि थापा | हे.अ. | सहायक पाचौं | करार | देविटार आधारभुत स्वास्थ्य सेवा केन्द्र-८ |
| ६ | श्री सुवि मुक्तान | विद्यालय नर्स | सहायक पाचौं | करार | सुर्योदय मा.वि. पलासैं |
| ७ | श्री झम्क ब. अर्याल | अ.स.ई. | सहायक चौथो | करार | वडा कार्यालय, वडा नं. ९ |
| ८ | श्री पान बहादुर तितुङ | अ.स.ई. | सहायक चौथो | करार | वडा कार्यालय, वडा नं. ५ |
| ९ | श्री मदन मुक्तान | सह-लेखापाल | सहायक चौथो | करार | वडा कार्यालय, वडा नं. ४ |
| १० | श्री जिवन ठकुरी | अ.हे.ब. | सहायक चौथो | करार | खैराङ्ग सा.स्वास्थ्य ईकाई, राक्सिराङ्ग-९ |
| ११ | श्री मङ्गली मायाँ वाईवा | अ.न.मी. | सहायक चौथो | करार | खैराङ्ग स्वास्थ्य चौकि, राक्सिराङ्ग-९, खैराङ्ग |
| १२ | श्री सनिषा गुरुङ्ग | अ.न.मी. | सहायक चौथो | करार | धिराङ सा.स्वास्थ्य ईकाई, राक्सिराङ्ग-७ |
| १३ | श्री रमा मुक्तान | अ.न.मी. | सहायक चौथो | करार | सरिखेत स्वास्थ्य चौकि, राक्सिराङ्ग-२ |
| १४ | श्री गणेश कुमार मुक्तान | अ.हे.ब. | सहायक चौथो | करार | सामूदायिक स्वास्थ्य ईकाई, राक्सिराङ्ग-४ |
| १५ | श्री रिता थिङ | अ.हे.ब. | सहायक चौथो | करार | खैराङ्ग स्वास्थ्य चौकि, राक्सिराङ्ग-९ |
| १६ | श्री मनिषा अधिकारी | अ.हे.ब. | सहायक चौथो | करार | खैराङ्ग स्वास्थ्य चौकि, राक्सिराङ्ग-९ |
| १७ | श्री बल बहादुर थापा | अ.हे.ब. | सहायक चौथो | | राक्सिराङ्ग स्वास्थ्यचौकि, राक्सिराङ्ग-५ |
| १८ | श्री धर्मराज वली | अमिन | सहायक चौथो | | राक्सिराङ्ग गाउँ कार्यपालिका |
| १९ | श्री विनोद प्राजुली | प्राविधिक सहायक | सहायक चौथो | करार | राक्सिराङ्ग गाउँ कार्यपालिका |
| २० | श्री आरती प्रजा | अ.न.मी. | सहायक चौथो | करार | खैराङ्ग स्वास्थ्य चौकि-९ |
| २१ | श्री सजिता प्रजा | अ.न.मी. | सहायक चौथो | करार | गौदान आधारभुत स्वास्थ्य सेवा केन्द्र-१ |
| २२ | श्री उर्गेन लामा रुम्बा | अ.हे.ब. | सहायक चौथो | करार | गौदान आधारभुत स्वास्थ्य सेवा केन्द्र-१ |
| २३ | श्री रमिला सिन्तान | अ.न.मी. | सहायक चौथो | करार | देविटार आधारभुत स्वास्थ्य सेवा केन्द्र-८ |
| २४ | श्री अन्जना मुक्तान | ल्याव-असिस्टेन्ट | सहायक चौथो | करार | राक्सिराङ्ग स्वास्थ्य चौकि |
| २५ | श्री मान सिं घलान | लघु उद्यम सहयोगी | सहायक चौथो | करार | राक्सिराङ्ग गाउँ कार्यपालिका |
| २६ | श्री सावित्री मुक्तान | लघु उद्यम सहयोगी | सहायक चौथो | करार | राक्सिराङ्ग गाउँ कार्यपालिका |
| २७ | श्री सरिता थापा | फिल्ड सहायक | | करार | राक्सिराङ्ग गाउँ कार्यपालिका |



देव चन्द्र मगाँला
प्रमुख प्रशासकीय अधिकृत

राक्सिराङ्ग गाउँपालिका, गाउँ कार्यपालिकाको निर्णय

| | | | | | |
|---|---|---|---|---|---|
| २८ | श्री सिङ्गराम मुक्तान | फिल्ड सहायक | | करार | राक्सिराङ्ग गाउँ कार्यपालिका |
| २९ | श्री सुरज मल्ल ठकुरी | हेभी सवारी चालक | | करार | राक्सिराङ्ग गाउँ कार्यपालिका |
| ३० | श्री धन ब. थापा मगर | हलुका सवारी चालक | | करार | राक्सिराङ्ग गाउँ कार्यपालिका |
| ३१ | श्री केदार गिरी | हलुका सवारी चालक | | करार | राक्सिराङ्ग गाउँ कार्यपालिका |
| ३२ | श्री रामलाल स्याङतान | व्याक हो लोडर सहायक | | | राक्सिराङ्ग गाउँ कार्यपालिका |
| ३३ | श्री कविता कु. चेपाङ | कार्यालय सहयोगी | | करार | सरिखेत स्वास्थ्य चौकि, राक्सिराङ्ग-२ |
| ३४ | श्री बुद्धिमाया प्रजा | कार्यालय सहयोगी | | करार | राक्सिराङ्ग स्वास्थ्य चौकि, राक्सिराङ्ग-५ |
| ३५ | श्री सविना घलान | कार्यालय सहयोगी | | करार | काँकडा स्वास्थ्य चौकि, राक्सिराङ्ग ६ |
| ३६ | श्री सुजता घिमिरे | कार्यालय सहयोगी | | करार | खैराङ्ग सा.स्वास्थ्य ईकाई, राक्सिराङ्ग-९ |
| ३७ | श्री चन्द्र बहादुर प्रजा | कार्यालय सहयोगी | | करार | धिराङ सा.स्वास्थ्य ईकाई, राक्सिराङ्ग-७ |
| ३८ | श्री रेम्बो प्रजा | कार्यालय सहयोगी | | करार | राक्सिराङ्ग गाउँ कार्यपालिका |
| ३९ | श्री ईलिना चेपाङ | कार्यालय सहयोगी | | करार | राक्सिराङ्ग गाउँ कार्यपालिका |
| ४० | श्री विन्दुमायाँ प्रजा | कार्यालय सहयोगी | | करार | राक्सिराङ्ग गाउँ कार्यपालिका |
| ४१ | श्री देउमायाँ प्रजा | कार्यालय सहयोगी | | करार | राक्सिराङ्ग गाउँ कार्यपालिका |
| ४२ | श्री विवेक थिङ | कार्यालय सहयोगी | | करार | राक्सिराङ्ग गाउँ कार्यपालिका |
| ४३ | श्री साँइला म्लोन | कार्यालय सहयोगी | | करार | राक्सिराङ्ग गाउँ कार्यपालिका |
| ४४ | श्री श्यामलाल रुम्बा | कार्यालय सहयोगी | | करार | १ न.. वडा कार्यालय |
| ४५ | श्री बुद्धिराम वाईवा | कार्यालय सहयोगी | | करार | २ नं. वडा कार्यालय |
| ४६ | श्री सुन्तली तामाङ्ग | कार्यालय सहयोगी | | करार | ३ नं. वडा कार्यालय |
| ४७ | श्री राजकुमार थिङ्ग | कार्यालय सहयोगी | | करार | ४ नं. वडा कार्यालय |
| ४८ | श्री तीर्थ मुक्तान | कार्यालय सहयोगी | | करार | ५ न.. वडा कार्यालय |
| ४९ | श्री विनोद कुमार थिङ | कार्यालय सहयोगी | | करार | ६ न.. वडा कार्यालय |
| ५० | श्री राजेश प्रजा | कार्यालय सहयोगी | | करार | ७ नं. वडा कार्यालय |
| ५१ | श्री सिमन प्रजा | कार्यालय सहयोगी | | करार | ८ नं. वडा कार्यालय |
| ५२ | श्री प्रदिप कुमार थिङ्ग | कार्यालय सहयोगी | | करार | ९ नं. वडा कार्यालय |
| ५३ | श्री सुन्तलीमायाँ घलान | कार्यालय सहयोगी | | करार | सामूदायिक स्वास्थ्य ईकाई, राक्सिराङ्ग-४ |
| ५४ | श्री सरिता नेपाली | कार्यालय सहयोगी | | करार | पँलासे आधारभूत स्वास्थ्य सेवा केन्द्र |
| ५५ | श्री माया लामा | हे.अ. | सहायक चौथो | करार | खैराङ्ग सा.स्वास्थ्य ईकाई, राक्सिराङ्ग-९ |
| ५६ | श्री अमृता प्रजा | अ.न.मी. | सहायक पाँचौ | करार | राक्सिराङ्ग आ. स्वास्थ्य सेवाकेन्द्र, राक्सिराङ्ग-४ |
| ५७ | श्री विमला प्रजा | पोषण स्वयसेवक | | करार | राक्सिराङ्ग गाउँ कार्यपालिका |
| ५८ | श्री प्रकाश वाइबा | एक्साभेटर सहायक अपरेटर | सहायक चौथो | करार | राक्सिराङ्ग गाउँ कार्यपालिका |
| ५९ | श्री एलिसा थिङ | अ.न.मी. | सहायक चौथो | करार | गर्लिङ सा. स्वास्थ्य ईकाई, राक्सिराङ्ग-७ |
| ६० | श्री जिना कुमारी थिङ | अ.न.मी. | सहायक चौथो | करार | काँकडा स्वास्थ्य चौकि, राक्सिराङ्ग-६ |
| ६१ | श्री कान्छि माया प्रजा | कार्यालय सहयोगी | | करार | खैराङ्ग स्वास्थ्य चौकि, राक्सिराङ्ग-९ |
| ६२ | श्री कुमारी मुक्तान | कार्यालय सहयोगी | | करार | देवीटार आ. स्वास्थ्य सेवा केन्द्र, राक्सिराङ्ग-८ |
| ६३ | श्री संगम विश्वकर्मा | कृषि स्नातक | अधिकृत छैठौं | करार | राक्सिराङ्ग गाउँ कार्यपालिका |
| ६४ | श्री नोमराज लो | हलुका सवारी चालक | | करार | राक्सिराङ्ग गाउँ कार्यपालिका |
| ६५ | श्री सन्दिप चेपाङ | हेल्थ असिस्टेन्ट | सहायक पाँचौ | करार | तर्लिङ सामूदायिक स्वास्थ्यईकाई, राक्सिराङ्ग-७ |
| ६६ | श्री अनिल खत्री | एक्साभेटर हेल्पर | | करार | राक्सिराङ्ग गाउँ कार्यपालिका |
| ६७ | श्री सानु माया प्रजा | सामाजिक परिचालक | सहायक चौथो | करार | वडा नं. ६,७ र ८ |
| ६८ | श्री राम माया अर्याल | सामाजिक परिचालक | सहायक चौथो | करार | वडा नं. ९ खैराङ्ग |
| ६९ | श्री सुजिता मुक्तान | कार्यालय सहयोगी | | करार | गोदान आधारभूत स्वास्थ्य सेवा केन्द्र-१ |

उल्लेखित सूचीमा संलग्न रहेका कर्मचारीहरु बाहेक २०८० असार मसान्तसम्म यस कार्यालयमा कार्यरत कर्मचारीहरुको म्यादथप नहुने ।

देवी नन्द गतौला
प्रमुख प्रशासकीय अधिकृत

ख) यस गाउँपालिकाको रिक्त रहेका विभिन्न पदहरुमा करार सेवामा पदपूर्ती गरी लिने प्रयोजनका लागि गाउँपालिककाको कार्यालयबाट मिति २०८०।०४।०८ को पद्रपूर्ती सम्बन्धी विज्ञापनको सूचना अनुमोदन गर्ने ।

ग) गत आर्थिक वर्ष २०७९/८० को लागि संघीय सरकारबाट हस्तान्तरीत सर्शत पुँजिगत अनुदान तर्फ विद्यालय शिक्षा क्षेत्र योजना कार्यक्रम अन्तरगत विद्यालयमा IT Lab स्थापना, सुदृढीकरण एवम् Digital Library व्यवस्थापनका लागि प्राप्त भएको अनुदानबाट सिलबन्दी दरभाउपत्र आह्वान मार्फत खरिद भएको सामाग्रीको रकम भुक्तानी हुने क्रममा आषाढ महिनाको अन्ततिर कागजात प्राप्त भएको तर Sub-National Treasury Regulatory Application (SuTRA) सञ्चालन अवस्था गतिरोध हुन गएको तथा विविध समस्याका कारण समयमा सशर्त अनुदानबाट भुक्तानी लेख्न नसकी गाउँपालिकको आन्तरीक व्यवस्थापनमा सञ्चालित मर्मत सम्भार कोषबाट उक्त रकम रु १०,८०,००६/- भुक्तानी गरिएको हुँदा उक्त रकम गाउँपालिकालाई सोधभर्नाको हुन सम्बन्धित निकायमा यस वर्षको बजेटमा निकासा माग गर्ने ।

घ) राक्सिराङ्ग गाउँपालिकाभित्र हुने सार्वजनिक कार्यक्रमहरुको खर्चमा मीतव्ययीता अपानाउन, वातावरणीय प्रदूषण हुन सक्ने जोखिम न्यूनीकरण तथा भड्किलो संस्कृति, कुरिती न्यूनीकरण गर्न, बालमैत्री स्थानीय तह कार्यान्वयनका लागि देहाय बमोजिमका सामाजिक कार्यहरु अगाडी बढाउन सम्पूर्ण सरोकारवालाहरुमा सूचना सम्प्रेषण गरी अनुरोध गर्ने र सबैले यस कार्यमा सहयोग गर्ने ।

देहाय

- सार्वजनिक कार्यक्रम, सभा समारोह, स्वागत सत्कार जस्ता कार्यक्रमहरुमा स्थानीय उत्पादनका सामग्रीहरुबाट निर्माण भएका मौलिक बाहेकका सम्पूर्ण आयातित खादा माला लगायतका सामग्रीहरुको प्रयोग निषेध गर्ने ।
- आयातित पत्रु खाना (Junk Foods), चिसो तथा पेय पदार्थहरुको प्रयोगमा न्यूनीकरण गर्दै पूर्ण रुपमा विस्थापित गरी स्थानीय, रैथाने तथा मौलिक खाद्य पदार्थहरुको प्रयोगमा जोड दिने ।
- शैक्षिक संस्था, स्वास्थ्य संस्था लगायतका सार्वजनिक संघ संस्था तथा कार्यालयहरुको १०० मिटर आसपासका क्षेत्रमा सूर्तीजन्य, मदिराजन्य तथा मादक पदार्थहरुको विक्रि वितरणमा रोक लगाउने । साथै १८ बर्ष मुनीका बालबालिकाहरुलाई त्यस्ता पदार्थहरुको विक्रि वितरण नगर्न सबै विक्रेता तथा व्यवसायीहरुलाई अनुरोध गर्ने ।

ङ) राक्सिराङ्ग गाउँपालिकाको भू उपयोग नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न, एक टोल एक उत्पादनको कार्यक्रमलाई बृहत्तर रुपमा अगाडी बढाउनका लागि प्रत्येक वडामा रहेका बाँझो जमिनहरुको तथ्यांक संकलन कार्यका लागि सबै वडा कार्यालयहरुलाई निर्देशन दिने ।

**द्रष्टव्य : निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरु आवश्यक भएमा गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त हुनेछ ।**

०८०।४।२०